# इटहरी उप–महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी

१ नं. प्रदेश, नेपाल

०२५-५८००४६
०२५-५८२३१९
०२५-५८२८१९
०२५-५८२१६९


प.सं.

च.नं. ६९१९

मिति .....................

**निःशूल्क अत्यावश्यक औषधि तथा औषधिजन्य सामाग्रीहरु खरिद संबन्धी शिलबन्दी दरभाउपत्र आह्वानको सूचना ।**

प्रथम पटक प्रकाशित मिति २०७६ ।०२ ।३०

यस इटहरी उपमहानगरपालिका अन्तर्गत संचालित विभिन्न स्वास्थ्य संस्थाहरु इटहरी अस्पताल,शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र, तथा बर्थिङ्ग सेन्टर को लागि आ.व. २०७५।२०७६ मा आवश्यक पर्ने तपशिल वमोजिमका निःशूल्क आवश्यक औषधि तथा औषधिजन्य सामाग्रीहरु;डेन्टल तथा ल्याव.संबन्धि औजार ,उपकरण र अन्य सामाग्रीहरु :खरिद गर्नको लागि यो सूचना प्रकासित गरीएको छ । अतः इच्छुक ईजाजत प्राप्त औषधि व्यबसायी,फर्म ,संघ, संस्था तथा कम्पनीलाई तपशिल अनुसारको मिति , समय र स्थानमा तोकिएको दस्तूर बुझाई शिलबन्दि दरभाउ पत्र पेश गर्नु हुन सूचित गरिन्छ ।

शर्तहरु:

१. शिलबन्दि दरभाउपत्र खरिद गर्न आउदा निवेदनसाथ नविकरणको म्याद समाप्त नभएकोऔषधि बिकी गर्ने इजाजत पत्र,मूल्य अभिवृद्धि करमा दर्ता भएको आ.व. २०७४ /२०७५ मा कर चुक्ता भएको प्रमाण पत्रको प्रतिलिपी संलग्न हुनु पर्ने छ ।

२. सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म शिल बन्दिदरभाउ पत्र फाराम बिकी वितरण हुनेछ । १६औं दिनको १२ बजेसम्म बिकी भएका दरभाउ पत्रहरु दर्ता गरीसक्नु पर्दछ सो शिलबन्दि दरभाउपत्रसाथ तपशिलमा तोके बमोजिमको रकम बराबरको मान्यता प्राप्त बैंकबाट जारी भएको कम्तिमा ७५ दिन( शिलबन्दि बुझाउने अन्तिम मितिबाट) म्याद भएको जमानत (विडवाउण्डको) सक्कलप्रति बैंक जमानत वा नेपाल बैंक लिमिटेडमा रहेको यस इटहरी उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयको धरौटीखाता नं ग-३/०५९०३०००००००००३००००३ मा जम्मा गरी सोको सक्कलै भौचर पेश गर्नु पर्ने छ ।

३ .शिलबन्दि दरभाउपत्रदाताले दरभाउपत्र खरीद गर्दा संबन्धित कार्यालयको अधिकार प्राप्त अधिकारीको दस्तखत,कार्यालयको छाँप लागेको निवेदन पेश गर्नु पर्ने छ । दस्तखत तथा कार्यालय छाँप नभएको निवेदन कुनै हालतमा मान्य हुनेछैन ।

४ .शिलबन्दि दरभाउ बिकी गर्ने तथा दर्ता गर्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु सो को भोली पल्ट क्रमशः हुनेछ।

२०७६।२।२९

भोजकला दवाडी
प्रमुख महिला विकास अधिकृत

इटहरी उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय इटहरी, सुनसरी १ नं. प्रदेश नेपाल

५ .म्याद भित्र दर्ता हुन आएको शिलबन्दि दरभाउ फारामहरु १६ औं दिनको २ वजेपछि कार्यालयका प्रतिनिधि र दरभाउपत्र दाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । दरभाउदाता वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि खोल्न बाधा पर्ने छैन ।

६. शिलबन्दि दरभाउपत्र कबोल गरिएका दररेट अंक र अक्षर दुबैमा प्रष्टरुपमा लेखिएको हुनु पर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । केरमेट भएको ठाउँमा दस्तखत गरेको हुनु पर्नेछ

७ .औषधि खरिद गर्दा (WHO GMP Certified Company) बाट उत्पादित र औषधि व्यवस्था विभागमा दर्ता भएका औषधिहरु मात्र खरिद गरिनेछ ।

८. सप्लाई हुने औषधिहरुको प्रत्येक प्याकिङ्गको बाहिर उत्पादन मिति (expiry date),व्याच नं उल्लेख भएको हुनुपर्नेछ तथा सबै औषधिहरुको स्ट्रिप,बोत्तल ,ट्यूव लगायतमा अनिवार्य रुपमा नि:शूल्क वितरण Supply for Ministry of Health Nepal स्पष्टरुपमा उल्लेखभएको हुनु पर्नेछ ।

९ .पेश भएको दर भाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आँशिकरुपमा स्वीकृत गर्ने वा एक मुष्ठ स्वीकृत गर्ने अधिकार यस कार्यालयमा मात्र निहित रहनेछ ।

१० .शिलबन्दि दरभाउपत्र पेश गर्दा मूल्यअभिबृद्धि करबाहेकको दर रेट प्रति इकाईमा उल्लेख गरी जम्मा गरी मु. अ. कर लाग्नेको मात्र मु.अ. कर उल्लेख गरी पेश गर्नु पर्नेछ ।

११ .शिलबन्दि दर भाउपत्र स्वीकृत भएपछि सम्झौता गर्न आँउदा सम्झौता अंकको थप ५ (पाँच) प्रतिशतले हुन आउने रकम बराबरको मान्यता प्राप्त बैंकबाट जमानत पत्र वा नगद माथि उल्लेखित धरौती खातामा जम्मा गरेको सक्कल भौंचर पेश गर्नु पर्नेछ ।

१२ .बजेट निकासालाई आधार मानी आवश्यकता अनुसार शिलबन्दि दरभाउपत्रमा उल्लेखित औषधिहरु एकै पटक वा पटक पटक खरिद गर्न सकिनेछ ।

१३ . कार्यालयमा औषधिहरु दाखिला हुन आँउदासम्म औषधिको म्याद १८ महिना (expiry date) बाँकी हुनु पर्नेछ । फ्रीजमा स्टोर गर्नु पर्ने औषधिहरु र रि-एजेन्ट को गुणस्तर कायम राख्दै ल्याई

2125

भोजकला दवाडी
प्रमुख महिला विकास अधिकृत

इटहरी उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी
१ नं. प्रदेश, नेपाल
०२५-५८००४६
०२५-५८२३१९
०२५-५८२८१९
०२५-५८२१६९

प.सं.
च.नं.

मिति .....................

बुझाउनु पर्नेछ ।कुनै औषधिको जम्मा expirydate १८ महिना भन्दा कम हुने अवस्थामा औषधिको जम्मा selflife को कम्तिमा ७५ प्रतिशत म्याद बाँकीहुदा दाखिला गर्न सकिन्छ ।

१४ .कार्यालय सम्म आपूर्ती गर्न लाग्ने ढुवानी तथा अन्य करहरु दरभाउपत्रदाता स्वयंले व्यहोर्नु पर्नेछ ।

१५ .शिलबन्दि दरभाउपत्र दाताले सप्लाई गरिने औषधिहरु तथा डेण्टल एवं ल्याव सम्बन्धि औजार उपकरण आधिकारिक पत्र( authority letter )स्वदेशी कम्पनीको हकमा उत्पादकबाट र विदेशी कम्पनी भए National supplier बाट लिई पेश गर्नु पर्नेछ ।

१७ .एक बिक्रेताको नाँउमा बिक्री भएको दरभाउ फाराम अर्को बिक्रेता को नाँउमा दाखिला गर्न पाउने छैन ।

१८ कबोल गरेको औजार तथा उपकरण स्पेसिफिकेशन अनुसार हुनुपर्ने छ साथै १वर्ष को वारेण्टी भएको हुनुपर्ने छ । स्पेसिफिकेशन दरभाउपत्रका साथ उपलब्ध हुनेछ । उपकरणको जडान तथा संचालन तथा स्वास्थ्यकर्मीलाई आवश्यक भए तालिम समेतको ब्यवस्था सम्बन्धित कबोल गर्ने दरभाउपत्र दाताले गर्नुपर्नेछ । त्यसको कबोल गरि उक्त अबधि भित्र मर्मत संभार गर्नुपर्ने भए संबन्धित सप्लायर्सले गरिदिनुपर्नेछ ।औजार तथा उपकरण बिग्रिएमा वा काम नलाग्ने भएमा सोको सट्टाभर्ना नयाँ उपलब्ध गराउनु पर्नेछ ।

१९ .यस सूचनामा छुट्ट हुन गएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित नेपाल कानून अनुसार हुनेछ ।

2/23

भोजकला दवाडी
प्रमुख महिला विकास अधिकृत

# इटहरी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी

१ नं. प्रदेश, नेपाल

०२५-५८००४६
०२५-५८२३१९
०२५-५८२८१९
०२५-५८२१६९


प.सं.

च.नं.

मिति ......................

तपशिल :

| सि.न. | विवरण | दरभाउपत्रखरिद गर्ने अन्तिम मिति | दरभाउपत्र दर्ता गर्ने अन्तिम मिति समय | दरभाउपत्र खोलिने अन्तिम मिति समय | धरौंटी( विड वाउण्ड) रकम रु. |
|---|---|---|---|---|---|
| १. | निःशूल्क अत्यावश्क औषधिहरु र डेन्टल तथा ल्याव. संबन्धि औजार उपकरण र अन्य सामाग्रीहरु | २०७६ ।०३।१२ कार्यालय समय | २०७६ ।०३।१३ दिनको १२:००बजे सम्म | २०७६ ।०३।१३ दिनका २ :०० वजे पछि | २७,०००।०० |

२।२९

भोजकला दवाडी
प्रमुख महिला विकास अधिकृत


www.itaharimun.gov.np / email : itahari.municipality@gmail.com